# चिशंखुगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सेर्ना, ओखलढुंगा

पत्र संख्याः २०७९/०८० कोशी प्रदेश, नेपाल

## करार सेवामा रोजगार संयोजक पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(दोस्रो पटक प्रकाशित मितिः २०७९/१२/२८)**

चिशंखुगढी गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार संयोजक १ (एक) को "रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६" बमोजिम यस कार्यालयको लागि तपसिलका पदमा योग्यता पुगेका इच्छुक उम्मेदवारहरूले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र तोकिएको शुल्क तिरेको रसिद/भौचर सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै यस कार्यालयको ईमेल ठेगाना chishankhugadhi@gmail.com मार्फत पनि आवेदन पेश गर्न सकिने तथा दरखास्त फाराम, कार्यविवरण, पारिश्रमिक, सेवा शर्तहरूको विस्तृत विवरण कार्यालयबाट वा वेबसाईट www.chishankhugadhimun.gov.np बाट उपलब्ध हुने व्यहोरा अनुरोध छ ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग पद संख्या | शैक्षिक योग्यता | दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | ०८/०७९/८० | रोजगार संयोजक | अधिकृत छैठौं | १ (एक) | मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह उत्तीर्ण गरेको । | १०००/- |

१. **सेवा किसिमः** अस्थाई (करार सेवा) ।

२. **शर्तः** नेपाली नागरिक भएको तथा प्रचलित कानुनद्वारा अयोग्य नठहरिएको हुनु पर्नेछ ।

३. **दरखास्तको साथ पेश गर्नु पर्ने कागजातहरु :-**
   (क) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि,
   (ख) न्यूनतम शैक्षिक योग्यता तथा चारित्रिक प्रमाण पत्रको प्रतिलिपि,
   (ग) कार्य अनुभव भए सोको समयावधि खुलेको प्रमाणित कागजात,
   (घ) ३ (तीन) प्रति पासपोर्ट साइजको फोटो ।

४. **उमेरको हद :-** दरखास्त दिने अन्तिम मिति सम्ममा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

५. **तलब तथा करार अवधिः** "रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६" बमोजिम ।

६. **दरखास्त दिने अन्तिम मितिः** २०८०।०१।०५ गते कार्यालय समय भित्र दरखास्त दिन सकिनेछ ।

७. **दरखास्त दस्तुर बुझाउने प्रकृया :-** कुमारी बैंक लिमिटेड - आन्तरिक राजश्व खाता नं. **०९२००४८६२५४००००३ (0920048625400003)**
   Account Name: CHISANKHUGADI GAUPALIKA-ANTARIK RAJASHWO KHATA GA 1.1
   *गाउँपालिकाको राजश्व शाखामा आम्दानी रसिद काटी नगद जम्मा गरेको सक्कल रसिद पेश गरेर पनि दस्तुर बुझाउन सकिनेछ ।

८. **परीक्षाको किसिम :-** रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६" को दफा ८ र ९ मा तोकिए बमोजिम ।

९. **परीक्षाको मिति, समय र स्थान :-** दरखास्त पेश गर्ने अन्तिम मितिबाट ७ (सात) दिन भित्र संक्षिप्त सूची प्रकाशन गरिनेछ तथा परीक्षा हुने मिति, समय र स्थान सोही दिन तोकिनेछ ।

१०. **पारिश्रमिक, सेवा सुविधा तथा कार्यविवरणः** "रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६" बमोजिम ।

११. २ (दुई) पाङ्ग्रे सवारी साधन प्रयोग गर्न सक्ने उम्मेदवारहरूलाई विशेष ग्राह्यता दिइनेछ ।

१२. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ ।

२०७९।१२।२८

लोकमणि खनाल
प्रमुख प्रशासकीय अधिकृत

***द्रष्टव्यः- अन्य थप जानकारीका लागि चिशंखुगढी गाउँ कार्यपालिका कार्यालयको फोन नं. ९८५२८५५५७१ मा सम्पर्क गर्न सकिनेछ । साथै दरखास्त फाराम गाउँपालिकाको website: www.chishankhugadhimun.gov.np/vacancy2079 बाट प्राप्त गर्न सकिनेछ ।***